**खत्याड गाउंपालिकाको पाँचौ गांउ सभामाखत्याड गांउपालिकाका अध्यक्ष श्री उव्जन वहादुर शाही बाट प्रस्तुत आ.व.२०७६/७७ को नीति, तथा कार्यक्रम वक्तव्य :**

यस गरिमामय सभामा उपस्थित उपाध्यक्ष स्वीकृत मिति : २०७६/०३/१२
लगायतआदरणिय सभाका सदस्य ज्युहरु,

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय तहको निर्वाचन पछिको खत्याड गाउंपालिकाको पांचो गांउ सभामा** नीति, तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा मैले अत्यन्त गौरव महसुस गरेको छु ।सर्वप्रथम आफ्नो व्यक्तिगत जीवनको प्रवाह नगरी देश, राष्ट्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममाआफ्नो प्राण आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

**आदरणीय यस सभाका सदस्यज्युहरु**

नेपालको राजनैतिक इतिहासमा युगान्तकारी महत्व राख्ने परिवर्तनका साथ नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुकको रुपमा स्थापीत भएको छ ।संविधान सभा मार्फत संघिय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, वहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपुर्ण उपलब्धिहरु संस्थागत भएका छन । संविधानले व्यवस्था गरेको **संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको** ३ वटा सरकार मध्ये जनतासंग सवै भन्दा नजिकको सम्वन्ध राख्ने स्थानिय सरकार संचालनका लागि जनताले स्थानिय निर्वाचन मार्फत आफ्ना प्रतिनिधिहरु निर्वाचितगरेको आज २ वर्ष वितिसकेको छ । **यस खत्याड गाँउपालिकाको चौथो गांउ सभामा** हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथि र प्रमुख अतिथि लगाएत सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

नेपाल अधिराज्यको संविधान २०७२ को मुल मर्म र भावना अनुसार प्रभावकारी तथा गुणस्तरिय सेवा प्रवाहका माध्यमवाट जनताका आधारभुत अधिकारको सुनिश्चितता स्थानिय तहवाट गर्नुपर्ने ब्यहोरा यस गरिमामय सभालाई स्मरण गराउन चाहन्छु । एकजननिर्वाचित पदाधिकारी हुनुको नाताले आफ्नो कर्तव्य र जिम्मेवारी प्रति आत्मवोध गर्दै निरन्तर देश, जनता र यस क्षेत्रको संवृद्धि र विकासमा लागि रहने प्रतिवद्धता यस गरिमामय सभा मार्फत निवेदन गर्न चाहन्छु ।

खत्याड गांउपालिका कर्णाली प्रदेश स्तरिय आर्थिक केन्द्रको रुपमा विकसित हुने प्रसस्त सम्भावना रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । यस क्षेत्रकोसमग्र विकासका लागि सिमितस्रोत र साधनको समुचित प्रयोग गर्दै एउटा सक्षम र समृद्ध नगर उन्मुख स्थानीय तहका रुपमा देख्न पाउनु हामी सवैको साझा चासो हो । प्राकृतिक सुन्दरता र संस्कृति यस खत्याड क्षेत्रको प्राण हो, कृषि, पर्यटन, व्यापार र उद्योग यसको संभावना हो ।यी सवैको न्यायोचित र सुदृढ विकासवाट मात्रै हामि दिगो विकासका राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्न सक्छौ । यसका लागि स्थानिय, केन्द्रिय, प्रान्तिय सरकार, सम्पुर्ण राजनैतिक दलहरु, विभिन्न संघ संस्था, सहकारी तथा निजि क्षेत्र सवैको विकास र परिवर्तन प्रतिको सकरात्मक सोच, जुझारु एकता, दृढ ईच्छाशक्ति हुनु अहिलेको प्रमुख आवश्यकता हो ।

**आदरणीय महानुभावहरु,**

अब म यस सम्मानित सभामा आगामी वर्ष लिईने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रस्तुत गर्नअनुमति चाहन्छु ।

- भौतिक पूर्वाधारका कुनैपनि संरचना निर्माण गर्दा प्राकृतिक प्रकोप तथाजोखिम विष्लेषण गरि निर्माण कार्य अघि वढाईने छ । लागत अनुमान खुलेका तथा क्रमागत योजनालाई पूर्णताका लागि प्राथमिकता दिने नीति लिईने छ ।
- गाउँपालिकावाट भवन निर्माण मापदण्ड अनुसारको नक्सापास प्रमाणित गरिसकेपछि मात्र भवन निर्माणको काम आरम्भ गर्नुपर्नेछ । घर निर्माण उक्त प्राविधिक डिजाईन अनुरुप भएनभएको जांचपास भएपश्चात उक्त घरलाई वस्न योग्य प्रमाणपत्र उपलब्ध गराई घरधुरी कायम गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- निर्धारित मापदण्ड अनुसारको सडक प्रत्येक वडा केन्द्रमा पुर्याउने गरि सडक संजालको विकास गरिनेछ । रारा पर्यटकिय द्रुतमार्ग (झङ्गोला - रारा), सेरी - नारगे, बरातु - चिन्तु, रिगा - डुमाना, र सेरी - ज्यूका रिगा सडक खण्डलाई ०७६/७७ भित्रै सम्पन्न गर्न प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरिनेछ ।माझीचौर - जिउका, रातापनी- रिखिया, रातापानी - वाडु र आम - नखर्जि, पुत्ताखोला - तर्मा, राउतडी - क्यातडी लाम्रु, ग्रामिण सडक लाई निरन्तरता दिईनेछ । गाडी सेवा संचालनमा रहेका सडक खण्डमा सडक मर्मत सुधार काउण्टर स्थापना मार्फत सडक मर्मत सुधार शुल्क असुली कार्यको सुरुवात गरीनेछ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई प्रोत्साहित गरिने छ ।महिलामात्र उपभोक्ता समिति भएका निर्माण आयोजनालाई जनसहभागीतावाट वेहोर्नु पर्नेकुल रकममा ५ प्रतिशत छुट दिने र सार्वजनिक निर्माणका उपभोक्ता समितिमा ४० प्रतिशत महिला अनिवार्य रुपमा रहने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

- सुचक निर्धारण गरि वास्तविक गरिवको पहिचान र गरिवी परिचयपत्र वितरणकार्य यसै आर्थिक वर्षवाट कार्यान्वयनमा लगिनेछ ।
- स्थानीयश्रोत साधान र सिपका आधारमा कम्तिमा पनि ५ जनासम्म रोजगार दिने गरी महिला वा महिला समुहवाट निर्यातजन्य उधोग स्थापनाभई संचालन भएमा कुल संचालन लागतको २५ प्रतिशत रकम अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- विकास निर्माण कार्यहरुमा दिगोपना तथा गुणस्तरियता कायम गर्न प्रभावकारी अनूगमन पद्दतिलाई लागु गरिनेछ । यसका लागि तेश्रो पक्ष अनुगमन (Third Party Monitoring) लाई निरन्तरता दिईएको छ ।
- कार्यालय तथा सार्वजनिक क्षेत्रभित्र हुने अनियमिततालाई रोक्न शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ । सेवा प्रवाहमा पारदर्शिता एवं जवाफदेहीता कायम गर्न गुनासो सुनुवाई, उजुरी व्यवस्थापनलाई शीघ्र र प्रभावकारी बनाइने छ ।
- पर्यटन प्रर्वद्धनमा नीजि र व्यवसायिक क्षेत्रलाई आकर्षित गर्ने नीति लिईने छ । होमस्टे, भाषा, संस्कृति, कला,लगाएत ऐतिहासिक, पुरातात्वतिक, धार्मिक र सास्कृतिक महत्वका स्थलहरुकोअन्वेषण, संरक्षण तथा प्रवर्द्धन गरिपर्यटक गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । खेस्मा, तर्मागुफा, हलेसीगुफा, भाङ्गछडा, नाउली, वाटुलीझार, खेति, हेर्नी, मणिदह, चंखेली, शिवमन्दिर नखर्जि लगाएत अन्य पर्यटकिय क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गुरुयोजना निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।खस संस्कृति र सभ्यताको संरक्षण र संवर्द्धनका लागि खस संग्रहालयको स्थापना गरिनेछ ।
- संघिय तथा प्रादेशिक सरकारसंगको सहकार्यमा कालाकाडा-चाकपाडे, सेराक्षेत्रमा आर्थिक रुपले महत्वपुर्ण जडिवुटी उत्पादन, प्रशोधन तथा अनुसन्धान केन्द्रको स्थापना गरि संचालनमा ल्याईनेछ ।
- युवाहरुको रुचि, दक्षता र उधमशिलताको क्षेत्र पहिचान गरि उनिहरुलाई विकास रुपान्तरणको प्रकृयामा समावेश गर्ने निति लिईनेछ । एक युवा एक काम अभियान अर्न्तगतप्रत्येक युवाले आफ्नो वार्षिक विकास लक्ष्य किटान गरी सम्वन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
- खत्याडको पानीउज्यालोको लागि घर घरको लगानी अभियानलाई निरन्तरता दिदै जनताको शेयरवाट ५०० KWक्षामताको खत्याड खोला जलविधुत आयोजना, ६५ KWक्षमताको श्रीकोट जलविधुत आयोजना, ३५ KWक्षमताको भागोटीखोला जलविधुत आयोजनागरि जम्मा ६००KW विधुत आगामि १ वर्षमा उत्पादन तथा वितरण गरिनेछ ।
- आ.व. ०७६/७७ भित्रैखत्याड गाउँपालिका क्षेत्रभित्र विमानस्थल निर्माणको लागि उपर्युक्त स्थान छनौट गरिDPR तयार गरिनेछ ।
- प्रत्येकपरिवारको पारिवारिक स्वास्थ वचत खाता खोलि वार्षिक आम्दानीको१० प्रतिशत रकम उक्त खातामा जम्मा गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । उक्त कार्यको व्यवस्थापन खर्च वाफत एकमुष्ट रु १०००।-उक्त खातामा सोझै जम्मा हुने व्यवस्थालाई निरन्तरता दिईएको छ । उक्त रकम परिचालनका लागि एउटा छुट्टै पारिवारिक स्वास्थ्य वचत कोष परिचालन कार्यविधि लागु गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र परिसर रातापनिमा केन्द्रकै औषधि पसल संचालन, आधुनिक पुर्वाधार निर्माण, यन्त्र उपकरण सहित विषशज्ञ अस्पतालको रुपमा विकास गर्ने र गाउँपालिका केन्द्रमा १५ सैया अस्पताल निर्माण प्रकृयाको थालनि गरिने छ ।गांउपालिका क्षेत्रमा रहेका सम्पुर्ण बर्थिङ्ग सेन्टरलाई व्यवस्थित र साधनश्रोत सम्पन्न बनाइनेछ ।
- विकास सांझेदार र विभिन्न गैह्रसरकारी संस्थासंगको सांझेदारीमा खोपको सवसेन्टर स्थापना तथा संचालन गरि आगामी वर्षभित्रै गांउपालिका लाई पुर्णखोप युक्त गांउपालिका घोषणा गरिनेछ ।
- सुविधासम्पन्न अस्पतालमा पुर्‍याई आपतकालीन स्वास्थ उपचार प्रदान गर्न एम्वुलेन्स सेवाको संचालन तथा व्यवस्थापन गरीनेछ ।
- दलित परिवारवाट MBBS डाक्टर तथा ईन्जीनियर अध्ययनका लागि प्रवेश परिक्षामा छनौट हुने विधार्थि मध्ये ४ जनालाई पुर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ । तर उक्त छात्रवृत्तिमा अध्ययन गरेको चिकित्सक तथा ईन्जीनियरले कम्तिमा पनि ७ वर्ष खत्याड गाउंपालिका अर्न्तगतको अस्पतालमा सेवा गनुपर्नेछ ।
- वन, भू-संरक्षण तथा कृषि विकास मन्त्रालय सँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धन गरिनेछ ।
- स्थानीयश्रम सेवा दल मार्फत कृषि तथा पशु प्राविधिकहरु वस्ति वस्तिमा परिचालन गरिनेछ । प्रत्येक किसान परिवारको पशु तथा कृषि लगत तयार गरि मासिक रुपमा अध्याधिक गर्ने निति लगिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम अर्न्तगतकृषि पकेट क्षेत्र निर्धारण गरिउत्पादनतथा निर्यात प्रवर्द्धनगरिनेछ । चल्ला उत्पादनका लागि ह्याचरी, किसानको लगत तयार गरि उन्नत जातका विउ वाखा खरिद विक्रि श्रोतकेन्द्र को स्थापना तथा संचालन गरिनेछ ।गाई, भैसी तथा वाखाहरुमा कृतिम गर्भादानको माध्यामवाट उन्नत जातका पशु उत्पादन गरिनेछ ।

- स्वच्छ तथा गुणस्तरीय मासु तथा दुध उत्पादन, विक्रि वितरणका लागि परम्परागत रुपमा पालन गरिदै आएका अनुत्पादक पशुवस्तुलाई विस्थापित गरि उन्नत तथा उत्पादनमुलक पशुवस्तु पालनका लागि आवश्यक पर्ने कार्यक्रमको तर्जुमा गरिनेछ ।
- कृर्षि उत्पादनमा रासायनिक मल पुर्णत निषेध गरिएको छ । जैविक विषादी, किटनाशक र झारनाशक विषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ । गांउपालिका क्षेत्रमा सार्वजनिक, सहकारी तथा निजि क्षेत्रसंगको साझेदारीतामा एक जैविक मल उत्पादन उधोग स्थापना गरि संचालनमा ल्याईने छ ।
- आयातित तेलको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय स्तरमा उत्पादन हुने ओखर, तोरी, ढटेलो, काउलो, चुली, सुर्यमुखि र च्यूरीको तेल उत्पादन र प्रशोधनबाट खत्याड गांउपालिका लाई खाने तेलमा आत्मनिर्भर बनाइनेछ ।
- प्रदेश सरकारसंगको सहकार्यमा उत्पादित कृषिजन्य वस्तुहरुको सुरक्षीत भण्डारणका लागि ठुलो क्षमताको शितघर निर्माणकार्यको थालनी गरिने छ ।
- गांउपालिका क्षेत्रमा रहेका जाम, माझचौर रातापानीको वजार क्षेत्रमा कृषि हाटवजार व्यवस्थापन समिति मार्फत कृषि हाटवजार स्थापना र कृषिजन्य उत्पादनको दररेट निर्धारण गरि कृषिजन्य उत्पादन को खरिद विक्रिलाई व्यवस्थित गरिनेछ ।
- खाद्य तथा कृषि उत्पादनमा आत्मनिर्भरता वढाउन घाटजिउला, नखर्जी, गम्था, ह्याङ्गलु, अन्य खत्याड खोलाबाट सिंचित हुन सक्ने कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सेवाको विकास र विस्तार गर्ने गरी नयाँ सिँचाइ गुरुयोजना तयार गरी लागु गरिनेछ ।
- खत्याड खोला लगाएत अन्य सहायक खोलाबाट हुने कटानको समस्यालाई सुव्यवस्थित र योजनाबद्ध ढङ्गले, समाधान गर्न खत्याडी गाढ संरक्षण, नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी सो मुताविक कार्यान्वयनमा लगिने छ ।
- अनधिकृत, अनियन्त्रित तथा अव्यस्थित बस्ती विकासमा रोक लगाइनेछ । रिगा, गाढेखोला, थारा,सेवालिवगर, किटेनी, कर्मासी जेउरी, पैखु, माझवगर, भियालवाडा, रंगेचौर ढांणजस्ता अन्य असुरक्षित बस्तीलाई सुरक्षित बसोवास हुने गरी बस्ती स्थानान्तरण गरिनेछ ।
- सामाजिक जागरण अभियान मार्फत गर्भवति महिलालाई स्वस्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिने छ ।गाउँमा कृयाशिल स्वास्थ्य स्वयंसेविकावाट गरिने स्वास्थ्य सेवाको उचित कदर गर्दै उनिहरुलाई दिदै आएको मासिक प्रोत्साहन भत्तामा वृद्धि गरिएको छ ।
- 'एक घर एक शौचालय''एक घर एक करेशावारी''एक घर ५० फलफुल विरुवाको एक वगैचा'को व्यवस्थालाई अनिवार्य रुपमा गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
- गाउंपालिका क्षेत्रभित्रपुर्ण सरसफाई, वालविवाह मुक्त, वालमैत्री वडा घोषणा गर्ने वडालाई सम्मान-पत्र सहित प्रोत्साहन अनुदान दिईनेछ । उक्त अनुदान सम्वन्धित वडा समितिको निर्णय वमोजिम खर्च हुनेछ ।
- गाउँपालिका क्षेत्रभित्र विज्ञान संकाय लगाएतप्राविधिक तथा व्यवसायीक शिक्षालयको स्थापनाका लागि सम्वन्धित निकायसंग साझेदारी गरिनेछ ।
- गांउपालिका केन्द्रमा जनताले सम्पुर्ण प्रशासनिक सेवा सुविधाहरु एकै स्थानवाट पाउनसक्ने गरि प्रशासीनक प्लाजाको निर्माणका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरिनेछ ।
- नाङ्गा डाडाँ तथा खालि जग्गाहरुमायथासिघ्र सामुदायिक वन तथा समुदायमा आधारित उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवा वृक्षारोपण अभियान सञ्चालन गरि खत्याडलाई हरित खत्याडको रुपमा विकास गर्न रु २० लाख रकम विनियोजन गरिएको छ ।जन्म, मृत्यु तथा विवाह जस्ता व्यक्तिगत घटना दर्ता गर्दा २ रुख रोप्ने कार्यलाई अनिवार्य गरिएको छ ।
- कुनै पनि क्षेत्रमा उत्कृष्ट वा विशिष्टिकृत कार्य गरि खत्याडलाई चिनाउन विशेष योगदान पुऱ्याउने व्यक्तित्वलाई विशेष सम्मान गर्ने नीति लिईने छ ।
- धुम्रपान तथा मध्यपानको जथाभावी प्रयोगका कारण स्वास्थमा पर्न गएको असरलाई मध्यनजर गरि उक्त कार्य न्यूनीकरणका लागि तत्काल आवश्यक उपायहरु अवलम्वन गरिनेछ ।गांउपालिका क्षेत्रभित्रमदिराको अवैध उत्पादन, विक्रि वितरण तथा ओसारपसारलाई कडाईका साथ नियन्त्रण गरिनेछ।
- नखर्जि -ल्याचुडी - सुकाढीक - रिगा - ठामलेख - रिखिया - जिउका - रोल - वमकाडा - साटवाडा -निगालिवोट - डाडुपाटा - भागोटी - चिन्तु चक्रपथ निर्माणका लागिसमपुरक कोष मार्फत थप रकम विनियोजनका लागि केन्द्रिय तथा प्रादेशिक सरकारलाई अनुरोधगरिनेछ ।
- स्थानीय न्ययिक समितिवाट गरिने न्याय सम्पादन प्रकृयालाई प्रभावकारी र विश्वसनिय वनाईने छ ।
- खत्याड गांउपालिका क्षेत्र भित्र रहेका खानेपानी (मुहान) को पहिचान गरि तत्काल संरक्षण गर्ने नितिलाई प्राथमीकता दिइने छ ।"एक घर एक धारा" को अवधारणा अनुसार स्वच्छ तथा गुणस्तरीयखानेपानी उपलब्ध गराइनेछ । खानेपानी सुरक्षा योजनालागु

गरी पानी प्रशोधन तथा परीक्षण प्रयोगशाला स्थापनागरिनेछ । वृहत नदै खानेपानी आयोजनावाट वडा नं ८,९ र ११ का सम्पुर्ण वस्ति र १० को केही  वस्तिमा खानेपानीको व्यवस्थापन गरिनेछ ।

- सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन । झुगोला, रातापानी, माझचौर, सेरी र मसानेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थासंगको सहकार्यमा सार्वजनिक शौचालयहरु निर्माणको अभियान सञ्चालन गर्नका लागि विभिन्न संघ संस्था परिचालल गरिनेछ ।
- युवालाई मानसिक एवं शारिरिक रुपमा तन्दुरुस्त राख्न खेलकुद गतिविधीको विकास मार्फत उत्प्रेरित गरिने नीति लिईने छ । खेलकुद विकास समितिसँग समन्वय गरि गांउपालिका स्तरिय राष्टपति रनिग शिल्ड तथा अध्यक्ष कप प्रतियोगिता आयोजना गरिने छ । आधुनिक रंगशाला र कवर्डहल निर्माणका लागि DPRकार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ ।
- शैक्षिक विकासका लागि संस्थागत तथा सामुदायिक विद्यालयहरुको शैक्षिक मापदण्ड तोकि सो अनुसारको नतिजा प्राप्त नगर्ने विधालय वा शिक्षकलाई तत्काल कानुनी कारवाही गरिनेछ ।
- विकास सांझेदार र विभिन्न गैह्रसरकारी संस्थासंगको  सांझेदारीमा आगामी वर्षभित्रै गांउपालिका लाई पुर्णसाक्षर गांउपालिका घोषणा गरिनेछ ।
- एक सभ्य, अनुशासित, र स्वावलम्बी नागरिक निर्माण गर्ने कार्यमा सहयोग पुर्‍याउन विद्यालयहरुमा अतिरिक्त कृयाकलावहरु संचालनलाई प्रमुख प्रथामिकता दिईएने छ ।  सम्पुर्ण माध्यामिक विधालयहरुमा विद्युतीय पुस्तकालयको स्थापनागरिनेछ।
- दरबन्दी नभएका र विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरुमा विधार्थी संख्या, विषयगत तथा तहगत रुपमा दरवन्दि मिलान गर्ने र तत् पश्चात पनि शिक्षक दरवन्दी अपुग भएको खण्डमा स्वयम्सेवक शिक्षक मार्फत पठनपाठन सुचारु गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि यस गांउपालिकालाई शैक्षिक कलष्टरको रुपमा कलष्टरप्रमुख जिम्मेवारीमा शैक्षिक गुणस्तर विकास तथा सुपरिवेक्षकको व्यवस्था गरि तत्सम्वन्धि सम्पुर्ण कार्यहरु सो मातहत गर्ने गराउने व्यवस्था लाई कायान्वयनमा लगिनेछ ।
- सामुदायीक विधालयमा स्थानीय शिक्षा ऐन अनुसार प्र.अ.को व्यवस्थापन गर्ने सन्दर्भमा सम्वन्धित तहको योग्यता पुगेका वरिष्ठतम् शिक्षकहरु मध्येवाट जिम्मेवारी दिने व्यवस्थालाई कढाईका साथ लागु गरिने छ । प्र.अ.को थप जिम्मेवारी तथा कार्यव्यवस्तता लाई मध्येनजर गरि उचित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- गांउपालिका क्षेत्रभित्र रहेका सामुदायीक विधालयहरु एक आपसमामर्ज गर्ने विधालयहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- खत्याड गांउपालिका क्षेत्रका स्थायी वसोवास गर्ने दलित, महिला तथा अति गरिव परिवारवाट पि.एच.डी. अध्ययन अनुसन्धानमा संलग्न हुने अनुसन्धानकर्ता का लागि निशुल्क छात्रवृतिको व्यवस्था गरिनेछ ।
- खत्याड गांउपालिका क्षेत्रका स्थायी वसोवास गर्ने अनुसन्धानकर्ता वा कोही कसैले नविनतम् खोज अनुसन्धान गरि मानिसको जनजीवनलाई सहज गर्ने खालको नविनतम् प्रविधिको सृजना गर्ने अध्ययन अनुसन्धानकर्ता का लागि प्रोत्साहन स्वरुप रु १ लाख सहित विषेश सम्मान गरिनेछ ।
- वालविकास केन्द्रमा भर्ना भएका वालवालिकाहरुको सामाजिक, सारीरिक तथा संवेगात्मक विकास गर्ने कार्यमा थप प्रभावकारीता ल्याउन ECDC का सहजकर्ताहरुलाई थप ३००० प्रोत्साहन भत्ता उपलब्धता गराईनेछ ।
- खत्याड गांउपालिका क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत, सम्पदाको संरक्षण र प्रवर्द्धनको लागि सार्वजनिक सम्पदाहरुको अभिलेखन कार्यलाई निरन्तरता दिईने छ ।
- दलितहरुको आर्थिक सामाजिक सशक्तिकरण, जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागी हाल सम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै उनीहरुको अधिकार प्रवर्द्धनका लागी दलित डेस्कको संचालनलाई लाई थप प्रभावकारी वनाईनेछ ।
- प्रजनन उमेरका महिला, वालवालिका र किशोरी तथा विशेष गरि सुनौला एक हजार दिनका आमा तथा बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याई कुपोषणमुक्त गांउपालिका घोषणा गर्ने उद्देश्यका साथ बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन गर्नका लागिसमपुरक कोष (Matching Fund) को व्यबस्था गरिएको छ ।
- खत्याड गांउपालिका क्षेत्रमा गांउपालिकाको आफ्नै स्वामित्वमा रहने गरि पोषण युक्त सर्वोत्तम पिठो उत्पादन उधोग स्थापना गरि संचालनमा ल्याईने छ । यसवाट एकातर्फ पोषण युक्त गुणस्तरीय खाना स्थानीय स्तरमै उपलव्ध हुनेछ भने अर्को तर्फ यसको निर्यातवाट गांउपालिकाको आन्तरिक आम्दानी वृद्धि हुनेछ ।

- बजारको तयारी खानेकुरालाई निरुत्साहित गरि समुदाय, विधालय तथा अन्य स्थानमा हुने दैनिक खानपिनमा स्थानीय स्तरमा उत्पादन हुने अनाज तथा खाद्यवस्तुको प्रयोगलाई प्रोत्साहन गर्ने निति लिईएको छ ।
- दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तथा नाघेका खाद्यवस्तु, औषधि बजारमा बिक्री वितरणमा पुर्णत प्रतिबन्ध लगाइनेछ ।
- गांउपालिका क्षेत्रभित्र हुने गरेका असुरक्षीत गर्भपतनलाई शुन्यमा झार्ने निति लिईनेछ ।
- स्वास्थ्य संस्थामा सरकार प्रमुख कार्यक्रम अन्र्तगत नियमित स्वास्थ संस्थाको अनुगमन, स्वास्थयकर्मि संग छलफल, अर्न्तक्रिया गर्ने, उठाईएका समस्याहरुको कार्ययोजना वनाई तत्काल समाधान गर्ने निति कार्यान्वयनमा लगिनेछ ।
- गांउपालिकाबाट सञ्चालन हुने योजना/आयोजनाहरुमा हाल रहदै आईरहेको २० प्रतिशत स्थानीय जनसहभागिता दरलाई वढाएर २५ प्रतिशत कायम गरिएको छ ।कुल लागतको ७० प्रतिशतसम्म जनसहभागिता जुटाई विकास योजना सञ्चालन गर्न चाहने उपभोक्तालाई सो अनुरुप बजेट व्यवस्थापन गरिनेछ ।
- खत्याडको प्रवेशद्धार कालाकाडा र कालापानीमा कला सस्कृति झल्कने गरि कलात्मक स्वागतद्धार निर्माण कार्य यसै वर्ष देखि शुरु गरिने छ ।
- खत्याड गांउपालिका क्षेत्रभित्रका स्थायी वासिन्दावाट लोकसेवा आयोगमा उतिर्ण भई पोष्टीङ्ग भएका कर्मचारीलाई सम्मान गरिनेछ । लोकसेवा आयोगमा उतिर्ण दर वढाउन लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।
- गांउपालिकामा क्षेत्रभित्रकासडक किनारा लगाएत अन्य संरचनाहरुमा वृक्षारोपण गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । वृक्षारोपण कार्यलाई योजनाको लागत अनुमान तयार गरेको अवस्थामा समावेश गरी वृक्षारोपण पश्चात मात्र योजना फरफारक गरिने नीति अवलम्वन गरिने छ । यसवाट हरियालीको प्रर्वद्धन हुने विश्वास लिएको छ ।
- सामाजीक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत मात्र गरिनेछ साथै सामाजिक सुरक्षा लाभग्राही सुची अद्यावधिक गरी सार्वजनिक गर्ने नीति लिइने छ ।
- खत्याड गांउपालिकाक्षेत्रभित्र रहेका सार्वजनिक प्रति तथा सरकारी जग्गाहरुमा वढदै गएको अतिक्रमण लाई निरुत्साहित गर्नसम्पूर्ण सार्वजानिक प्रति जग्गा एवं सरकारी जग्गाहरुको लगत अध्यावधिक गरिने छ ।सार्वजनिक जग्गाको अतिक्रमण रोक्न र संरक्षण गर्न प्रत्येक वडामा सार्वजनिक जग्गा संरक्षण समिति गठन गरिने छ ।
- सडक निर्माणका सिलसिलामा सडक सिमाभित्र परेको जग्गाको लगत कत्ता गर्नका लागि तत्काल मालपोत कार्यालयसंग समन्वय गरिनेछ ।
- सुचना सम्मेलन, नियमित पत्रकार सम्मेलन मार्फत गांउपालिकावाट भए गरेका क्रियाकलापहरुकोसार्वजानिकीकरण गरि यसको पारदर्शिता सुनिश्चित गरिनेछ । शुशासन प्रर्वद्धनको लागि प्रविधिमैत्री सेवा प्रवाह, जनतासंग अध्यक्ष रेडियो सम्वाद, नागरीक सन्तुष्टीको स्तर मापन लगाएत अन्य संयन्त्रहरुको विकास र कार्यान्वयन गदै लगिने छ ।
- शुसासनको प्रत्याभुति दिन तथा सेवा प्रवाहलाई प्रभावकारी वनाउन खत्याड क्षेत्रमा रहेका सम्पुर्ण सरकारी कार्यालय तथा सामुदायिक विधालयहरुमा विधुतिय हारिजी जडान गरि सेवा संचालनमा ल्याईनेछ ।
- हरेकश्रमिकको श्रमिक विकास खाता संचालन गरि श्रम गरेवाफत प्राप्त हुने रकम सोझै उक्त खातामा जम्मा हुने परिपाटीको थालनी थरिनेछ ।
- दक्ष जनशक्तिको उत्पादन तथा विकासका लागि गांउपालिका स्तरिय तालिम केन्द्रको स्थापना गरिनेछ ।
- खत्याड गांउपालिका क्षेत्रभित्र रहेका अनाथ, अपाङ्ग, धाईते, शहिद परिवार लाई गांउपालिका वाट प्रदान गरिने सेवा सुविधामा विषेश सहुलियत दिने निति लागु गवरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ । स्थानीय सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुको नियमन र सहजीकरण NGO Desk मार्फत हुनेछ ।
- रारा पर्यटकिय द्रुतमार्ग (झङ्गोला - रारा) सडक खण्डको कर्णाली नदिमा ट्रष्ट व्रिज निर्माण कार्य यसै वर्षभित्र सुरुवात गरिनेछ ।
- गांउपालिकाको भू-उपयोग योजना यसै आर्थिक वर्षभित्र तयार गरी लागू गरिनेछ ।
- गाउँपालिकालाइ स्वचालित, आत्मनिरर्भर र गतिशिल रुपमा संचालन गर्न गाउँपालिकाको राजश्व संभाव्यता अध्ययन र कार्ययोजना तयार गरिनेछ । कार्ययोजना अनुरुप करका दायराहरु विस्तार गर्दै नयाँ स्रोतहरुको पहिचान गरि व्यवस्थित गरिनेछ ।

- स्थानीयश्रम सेवा दललाई सम्पुर्ण विकास निर्माण तथा अन्य उत्पादनमुलक कार्यक्रमका क्षेत्रमा परिचालन गरि रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- स्वास्थ क्षेत्रलाई जनताको घर दैलोमा पुर्‍याउन खत्याड गांउपालिकाको वडा नं ६ मा वडा स्वास्थ्य कार्यालय स्थापना गर्ने, वडा नं ४ को जिउका र वडा नं ९ को नखर्जिमा सामुदायीक स्वास्थ्य ईकाई स्थापना र संचालनका लागि संघिय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा गरिनेछ ।
- खत्याड खोला विरावगर साना जलविधुत आयोजना वाट साविकको गम्था गाँउ विकास समिती र हालको वडा नं ६ लाभान्वित नभई अन्धकारमा वस्नुपर्ने भएकाले उक्त साविकको गम्था गाँउ विकास समिती र हालको वडा नं ६ अवस्थित सम्पुर्ण वस्तिहरुमा खत्याड खोला विरावगर सेरा साना जलविधुत आयोजना वाट लाभान्वित हुनेगरि विधुत जडान गर्नका लागि आवश्यक पहल गरिनेछ ।

**सभाका सदस्यज्युहरु,**

अन्तमा:

स्थानीय सरकारहरुको प्रभावकारिता र सेवा प्रवाहमा गुणस्तरियता नै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सुद्धढिकरणको आधारस्तम्भ हो । जनताबाट निर्वाचित जनप्रतिनिधिहरुले नीति योजना तथा कार्यक्रम तय गर्ने, कर्मचारी वर्गले सोको प्रभावकारी कार्यान्वयन गर्ने, स्थानीय सरकारले गरेको काम कारवाहीकोसरोकारवाला, नागरिक समाज एवम् सञ्चार जगत्ले नियमित लेखाजोखा तथा खबरदारी गर्ने र नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षले समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने आजको हो । खत्याडी जनताको विकास र सम्वृद्धिमा का लागि तय भएका निति तथा कार्यक्रम तय गर्ने सन्दर्भमा सर–सल्लाह, रचनात्मक सुझाव, मार्गदर्शन र सहयोगगर्नु हुने गांउपालिका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्यहरु, राजनैतिक दल, विकास प्रेमी, समाज सेवी, सरकारी तथा गैसस निकायका प्रमुख एवं प्रतिनिधी, शिक्षक तथा बुद्धिजीवी, सञ्चारकर्मी महानुभावहरु लगायत कर्मचारी मित्रहरुलाई म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद व्यक्त गर्न चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।प्रस्तुत निति तथा योजनाको सफल तथा प्रभावकारी कार्यान्वयनमा समेत खुला सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ॥**

खत्याड गाउँपालिका